# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXII YEAR OF OUR LORD JESUS CHRIST, SEPTEMBER 2022 No. 9


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**हितोपदेश १५:२३-३३**

२३. उचित जवाफ दिन पाउँदा मानिसलाई खुसी लाग्छ र ठीक समयमा बोलेको वचन कति असल हुन्छ ।

२४. जीवनको मार्गले बुद्धिमानलाई उँभोतिर डोऱ्याउँछ, त्यसले उसलाई उँधो पातालतिर जानदेखि जोगाउँछ ।

२५. परमप्रभुले अहङ्कारी मानिसको घर भत्काइदिनुहुन्छ तर विधवाको साँधसिमाना उहाँले अखण्ड राख्नुहुन्छ ।

२६. परमप्रभुले दुष्टका विचारहरूलाई घृणा गर्नुहुन्छ तर शुद्ध मानिसका विचारहरूमा उहाँ प्रसन्न हुनुहुन्छ ।

२७. लोभी मानिसले आफ्नो परिवारमा सङ्कष्ट ल्याउँछ तर जसले घूसलाई घृणा गर्छ, त्यो जिउनेछ ।

२८. धर्मीको हृदयले जवाफ दिन अघि त्यसलाई जोख्दछ तर दुष्टको मुखले खराबी बकवाद गर्दछ ।

२९. परमप्रभु दुष्टदेखि टाढै रहनुहुन्छ तर उहाँले धर्मीको प्रार्थना सुन्नुहुन्छ ।

३०. हँसिलो चेहराले हृदयलाई हर्षित तुल्याउँछ र शुभ सुमाचारले हड्डीलाई स्वस्थ पार्छ ।

३१. जसले जीवन दिने हप्की सुन्छ, त्यसले बुद्धिमानहरूका माझमा सङ्गत पाउँछ ।

३२. अनुशासनलाई बेवास्ता गर्नेले आफैंलाई घृणा गर्छ तर सुधारलाई ध्यान दिनेले समझशक्ति प्राप्त गर्छ ।

३३. परमप्रभुको भयले मानिसलाई बुद्धि सिकाउँछ र आदर पाउन अघि नम्रता आउँछ ।

## GOD CAN RAISE YOU AND LIFT YOU!

# परमेश्वरले तपाईलाई उठाउन र उचाल्न सक्नुहुन्छ

पा. एस. साम सेल्भाराज

**"कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ र दरिद्रहरूलाई घुरानबाट उचाल्नुहुन्छ" (भजनसंग्रह ११३:७) ।**

### यहोशू को थिए ?

मोशाको मृत्युपछि तिनको सहयोगी यहोशू तिनको ठाउँमा इस्राएलका मानिसहरूका अगुवा बने । "परमप्रभुका दास मोशाको मृत्युपछि मोशाका सहायक नूनका छोरा यहोशूलाई परमप्रभुले यसो भन्नुभयो..." (यहोशू १:१) । "यी कुरापछि परमप्रभुका दास नूनका छोरा यहोशू एक सय दश वर्षको उमेरमा मरे" (यहोशू २४:२९) । पहिलो पदले भन्दछ कि यहोशू मोशाका सहायक थिए र अन्तिम पदले भन्दछ कि तिनी परमप्रभुका दास थिए ।

"कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ र दरिद्रहरूलाई घुरानबाट उचाल्नुहुन्छ" (भजनसंग्रह ११३:७) । परमप्रभुले अत्याचारमा परेकाहरू, गरिब, आवश्यकतामा परेका र बिरामीको वास्ता गर्नुहुन्छ । परमेश्वरले एउटा व्यक्तिलाई अर्को व्यक्तिको सेवक बन्न अनुमति दिनुभयो र पछि तिनलाई उहाँको सेवक बनाउनुभयो ।

यहोशूको वास्तविक नाम होशिया थियो र मोशाले तिनको नाम यहोशू राखेका थिए । यहोशूको अर्थ "परमप्रभु मुक्ति हुनुहुन्छ" भन्ने हो । यहोशूको जीवनको मिसन भूमिलाई कब्जा गर्नुथियो, जुन परमप्रभुले तिनीहरूदाई दिनुभएको थियो । परमेश्वरले असी वर्षको मानिसलाई उचाल्नुभयो र तिनलाई अधिकार र स्वर्गको चाबीहरू दिनुभयो । यहोशू धनी परिवारमा जन्मेका थिएनन्- उनी मिश्र देशमा दासत्वमा जन्मेका थिए ।

जलिरहेको पोथ्राबाट परमेश्वरले मोशालाई तिनको नाउँ काढेर बोलाउनुभयो । जब शाऊल दमास्कस जान आफ्नो मार्गमा थिए, तिनले एउटा आवाज सुने, "शाऊल, शाऊल...।" तर यहोशूलाई नता नाम काढेर बोलाइएको थियो नता तिनले कुनै दर्शन वा चिन्ह देखेका थिए । तिनलाई बुढा मानिस मोशाको सहायक बनाइएको थियो, जसले त्यसपछि तिनलाई परमप्रभु परमेश्वरको बारेमा सिकाएको थियो । यहोशूले बुढा मानिसको कुरा सुनेर परमेश्वरको शक्ति प्राप्त गरेका थिए ।

हरेक व्यक्तिको निम्ति बोलावट फरक छ भनेर हामीलाई थाहा छ । कोही पनि अर्कोमाथि माथिल्लो वा तल्लो छैन । मोशा बोल्न कमजोर थिए, लडाइँको कौशल सिकेका र कठोर र बलियो मानिस थिए । तिनको ध्यान तान्न उहाँलाई जलिरहेको बोल्ने पोथ्राको आवश्यकता थियो । जंगलको बीचमा

बाँकी पृष्ठ ३ मा

**बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष**



(ECHO GROUP)

# तपाईंको प्रिय भाइबाट....

"धर्मी खजूरको रूखजस्तै सप्रनेछ, ऊ लेबनानमा भएको केदार रूखझैं वृद्धि हुनेछ ।" भजनसंग्रह ९२:१२



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

प्रभुमा प्रियहरू,

**"तिमीहरूलाई अनुग्रह र हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट शान्ति" (फिलेमोन १:३) ।**

प्रभुमा तपाईंको असल स्वास्थ्य र आनन्दमा विश्वास गर्दै हामी हरेक दिन निरन्तर प्रार्थना गर्छौं कि परमप्रभुले तपाईंलाई आशिष् दिनुभएको होस् र तपाईंलाई बचाउनुभएको होस् । जवाफ दिनुहुने र हाम्रा प्रार्थनामा इनाम दिनुहुने हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ । उहाँले तपाईंलाई आफ्नो पखेटाले ढाक्नुहुनेछ (भजनसंग्रह ९१:४) ।


तपाईंको संकष्टका समय नगुज्रिएसम्म उहाँले आफ्ना पखेटामुनि तपाईंलाई बचाउनुहुनेछ। त्यसकारण, साहसी हुनुहोस् र नडराउनुहोस्, विनाश नगुज्रिएसम्म उहाँको पखेटाको छायाँको अधीनमा तपाईंले शरण लिएर अघि बढ्नुहोस् (भजनसंग्रह ५७:१) । परमेश्वरको शक्तिशाली हात तपाईंमाथि रहेको छ ।

विभिन्न प्रकारका समस्याहरू भए पनि हामीले क्रमैसँग **बोलावटको प्रतिध्वनि सेवकाइका** हरेक विभागलाई व्यवस्थापन गरिरहेका छौं । परमेश्वरले हरेक दिन नयाँ आत्मा थपिरहनुभएको छ ।



*Rev. Dr. K.R. Rajasekaran*

अर्कोतिर हामी शत्रुका संघर्षहरू, आर्थिक अवस्थाको खाँचो र अन्य समस्याहरूबाट हाम्रो सामर्थ्यभन्दा पनि अत्याधिक बोझ लिइरहेका छौं, जुन हामीले लेखाइमा उल्लेख गर्न सक्दैनौं । परमेश्वरलाई प्रशंसा होस् कि हामीले परमेश्वरको अनुग्रहद्वारा ती सबैमाथि विजय प्राप्त गर्न सकेका छौं । हामी पनि तपाईंजस्तै उत्कट चाहना भएका मानिसहरू हौं । हामीलाई तपाईंको निरन्तर प्रार्थनामा उचालिदिनुहोस् । हामी तपाईंको प्रर्थना र सहायताको निम्ति कृतज्ञ छौं ।



*Dr. A. Richard Samuel*

परमेश्वरले आश्चर्यजनक तरिकामा सही समयमा रेभ. के.आर.राजासेकरण र डा. ए. रिचार्ड शामूएलसँग हाम्रो एकता गरिदिनुभएको छ । परमेश्वर अत्यन्तै असल हुनुहुन्छ । प्रशंसा र महिमा परमेश्वरलाई । बधाई छ । परमेश्वरले हाम्रा प्रिय भाइहरूलाई आशिष् देऊन् ।

५४ औं वार्षिक सम्मेलन र नयाँ कर्मचारीहरूको परिचय समारोह ६ र ७ अगस्त **बोलावटको प्रतिध्वनि** मुख्य मण्डलीमा सम्पन्न भएको थियो । चेन्नाइका सिनियर पास्टरहरूमध्ये एक र हाम्रा अति नै प्रिय मित्र पास्टर एस. अब्राहामलाई परमेश्वरले शक्तिशाली रूपमा प्रयोग गर्नुभयो । मेरी छोरी एन्जलीनले उहाँको सन्देशलाई तामिलबाट अंग्रेजीमा अनुवाद गरेकी थिइन् । बहिनी राइमा गेथ्सी एलेक्स सामसन, भाइ जे. शमूएल र बहिनी एस. कान्थाले आधिकारिक रूपमा **बोलावटको प्रतिध्वनि सेवकाइमा** पूर्णकालीन कर्मचारीको रूपमा काम गर्न स्वीकार गर्नुभएको थियो । हाम्रा


**CHIEF EDITOR**
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
Dr. A. Richard Samuel, M.A., Ph.D.

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**CORE LEADERS**
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah

**E.mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call


**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

प्रिय र आदरणीय भाइहरू के. पुरातचिभेन्थान, ए. एडवार्ड दुराई, ए. एल्भिन, के. अब्राहाम र बहिनी धनलक्ष्मी चिन्नाइहलाई तीन वर्षको निम्ति समिति सदस्यको रूपमा परिचय गराइएको थियो। भविष्यमा परमेश्वरले हाम्रो सेवकाइलाई अर्को स्तरमा लैजानुहुनेछ भनेर हामी निश्चय विश्वास गर्छौं। प्रभुको आगमन नभएसम्म उहाँले **बोलावटको प्रतिध्वनि सेवकाइलाई** निरन्तर अगुवाइ र कायम राख्नुभएको होस्। अनि परमप्रभुले तपाईं हरेकलाई प्रशस्त आशिष् देऊन्, जो हाम्रा बलिया सहयोगीहरू हुनुहुन्छ। हाम्रो सेवकाइमो विगत ५३ वर्षभरि हामीसँग सहयात्रा गर्नुभएका सबैलाई अभिवादन गर्न र आशिष् दिन हामी आनन्द गर्छौं। **हाम्रा असल मित्रहरूमध्ये एक भाइ केनले आफ्नो इमेलमा घोषणा गर्नुहुन्छ, "प्रिय भाइ साम, ५४ वर्ष- यो अचम्मको छ।"** यस कुराले हाम्रा हृदयलाई छोयो। हाम्रो प्रभु येशू ख्रीष्टलाई प्रशंसा होस्। सेवकाइको सुरुवातबाट र उस्तै गरी नयाँ गरी जोडिनुभएका दुवै साझेदारहरूलाई हामी आदर गर्दछौं। **"परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा उहाँका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको संगतिमा तिमीहरू बोलाइयौ"** (१ कोरिन्थी १:९)।

यो महान् अवसरमा हाम्रा समिति सदस्यहरूमध्ये हरेक जना, मण्डलीका सदस्यहरू र सेवकहरू, पत्रिकाका पाठकहरू, सहसम्पादकहरू, प्रार्थनाका साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, ग्राहक साझेदारहरू, महान् आज्ञाका साझेदारहरू, मिसनरीहरू, शाखा मण्डलीका पास्टरहरू, प्रान्तीय संयोजकहरू, सात समुद्रपार भएका मित्रहरू र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका कर्मचारी सदस्यहरू, नहेम्याह बाइबल कलेज र कार्यालय, आदिलाई हामी कृतज्ञतापूर्वक अभिवादन गर्दछौं। प्रभु येशू ख्रीष्टले १९६९ देखि हामीलाई आजसम्म अगुवाइ गर्नुभएको तरिकाको बारेमा जब हामी सोच्छौं, उहाँमा हाम्रो आनन्द भरिएर पोखिन्छ।

प्रभुले तपाईं सबैलाई आशिष् देऊन्। आमेन।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

पोथ्रा बलिरहेको थियो तर त्यो भस्म भइरहेको थिएन। त्यहाा कोही पनि थिएन, तापनि एउटा आवाजले तिनलाई बोलाएको थियो, "मोशा, मोशा।" त्यस्तो अवस्थाको सामना गर्ने कुनै पनि मानिस डराउँथ्यो। परमेश्वरले मोशालाई "कृपया मेरा सन्तानलाई मिश्रबाट दासत्वबाट निकाल" भन्नुभएको भए निश्चय नै तिनले सो प्रस्ताव स्वीकार गर्दैनथे। तिनले सबैभन्दा पहिले परमेश्वर अचम्मको शक्ति आफैंले देख्नु जरुरी थियो।

तर यहोशू भिन्दै स्वभाव भएका मानिस थिए। तिनको हृदय परमेश्वरको वचन सुन्न खुल्ला थिए। त्यसैले, परमेश्वरले सीधै मोशालाई तिनको ठाउँमा उसलाई अभिषेक गर्न भन्नुभयो।

जब तपाईंले उहाँको वचन पालन गर्नुहुन्छ, तपाईंले उहाँका आशिष्मा आनन्द गर्नुहुनेछ। परमेश्वरले सही समयमा आफ्नो काम गर्नुहुन्छ। हामीले हरेक थोक छिटो भएको होस् भनेर आशा गर्छौं। हाम्रो गति र परमेश्वरको समय आपसमा सहमत हुँदैनन्। यसलाई याद राख्दै धेरै मानिसहरूको जीवनमा ढिलाइ हुन्छ, जस्तै तिनीहरूको अध्ययनमा ढिलाइ, रोगबाट छुटकारा पाउन ढिलाइ, तिनीहरूका व्यक्तिगत जीवनमा आशिष् पाउनमा ढिलाइ, आदि। जब त्यस्तो कुरा हुन्छ, त्यसको अर्थ परमेश्वरले हामीलाई बिर्सनुभयो भन्ने होइन। त्यसको साटो परमेश्वरले केही महान् काम गर्न लाग्नुभएको छ। हामीले आफैंलाई उहाँको शक्तिशाली हातमा नम्र पार्नुपर्छ। त्यसपछि परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ र तपाईंले गुमाउनुभएका सबै थोक फिता गर्नुहुनेछ- तपाईंको स्वास्थ्य पनि। परमेश्वरले तपाईंको जीवनको आयु पनि वृद्धि गर्नुहुनेछ।

जब परमेश्वरले मानिसलाई दासत्व, गरिबी र खाँचोबाट उठाउनुहुन्छ, उहाँले उसलाई राजाहरूका अघि खडा हुने बनाउनुहुन्छ। यहोशू धेरै वर्षसम्म विजेता र न्यायकर्ताको रूपमा रूपान्तर भएका थिए।

## १. सकारात्मक विश्वासको वचन

परमेश्वरले कुनै अलौकिक काम प्रदर्शन गर्नुहुन्छ भने हामीले उहाँको वचन र उहाँको प्रतिज्ञाहरूमा



विश्वास गर्नुपर्छ। जब हामीले गन्तीको पुस्तक १३ र १४ अध्याय पढ्छौं, मोशाले कनानको भूमि बसोबास गर्न उपयुक्त छ वा छैन भनेर हेर्न त्यहाँ जासूसी गर्न मानिसहरूलाई पठाएको हामीले पाउँछौं, जो इस्राएलका कूलका प्रमुखहरू थिए। जब तिनीहरू फर्केर आए, त्यहाँ बस्ने मानिसहरू बलिया थिए र अग्ला थिए र त्यहाँ जान असम्भव थियो भन्ने प्रतिवेदन तिनीहरूले ल्याए। यहोशू पनि कनानको भूमिमा जासूसी गर्न गएका थिए। यो मानिसले पनि ती मानिसहरूलाई इस्राएलीहरूभन्दा अग्ला र बलिया देखेका थिए। तर तिनले त्यस कुरालाई कुनै महत्व दिएका थिएनन्, **"...हामी भेद लिन गएको देश अत्यन्तै असल देश छ.. त्यो दूध र मह बहने देश हामीलाई दिनुहुनेछ"** (गन्ती १४:७,८)। तिनले सकारात्मक प्रतिवेदन दिएका थिए।

जब हाम्रो वास्तविक मण्डली भवन पुरानो र भत्कने अवस्थामा पुगेको थियो, त्यसलाई मर्मत गर्न हामीसँग हातमा पैसा थिएन। हाम्रो कार्यालयको निम्ति कुनै स्थान थिएन र आराधना सेवा संचालन गर्न कठिन थियो। हाम्रो निम्ति हरेक थोक परमेश्वरले गर्नुहुन्छ भनेर हामीले विश्वास गरेका थियौं- विश्वासको सकारात्मक वचनहरू आएका थिए। "छ महिनाको समयमा, मण्डली निर्माण हुनेछ, छापाखाना संचालन हुनेछ-

भवन अत्यन्तै सुन्दर बनाइनेछ।" के हामीसँग कुनै रकम थियो ? के कसैले अनुदान दिने प्रतिज्ञा गरेको थियो ? के कसैले रकम दिएको थियो ? कसैले गरेनन् । तर हामीले उहाँको प्रतिज्ञाअनुसार विश्वासद्वारा काम सुरु गरेका थियौं र काम सुरु भयो र हाम्रा आवश्यकताहरू पूरा भएका थिए । योजना गरे अनुरूप सही समयमा भवन खडा भयो। सुन्दर अग्लो भवन खडा भइरहेको आज हामीले देख्छौं। परमप्रभुले जुटाउनुहुनेछ। तपाईंका ऋणहरू पूरा हुनेछन्, तपाईंका आँसु हराउनेछ, कठिन समय पूरा हुनेछ, परमप्रभुले त्यो हेर्नुहुनेछ।

## २. सहायक यहोशू

यहोशू मोशाका विश्वासयोग्य सहायक थिए । परमप्रभुले तपाईंलाई आशिष् दिनुपर्छ भनेर तपाईंले चाहना गर्नुहुन्छ भने तपाईंको मनमा सेवाको आत्मा हुनुपर्छ । त्यस्ता मानिसहरू



मात्रै उच्च स्थानमा उचालिएका हुन्छन् । जब तपाईंले महान् राष्ट्रिय अगुवाहरूको जीवनमा हेर्नुहुन्छ, तिनीहरूले सजिलै त्यो पद प्राप्त गरेका थिए भनेर तपाईंले सोच्न सक्नुहुन्छ। तर तपाईंले तिनीहरूका जीवन नजिकबाट हेर्नुहुन्छ भने तीमध्ये धेरैले ठूलो बलिदानको साथमा त्यो पद प्राप्त गरेका थिए भनेर तपाईंले थाहा पाउनुहुनेछ। तिनीहरूका बलिदानलाई सम्मान गर्दै परमेश्वरले तिनीहरूलाई उचाल्नुभयो । परमेश्वरले जे भन्नुभए पनि उहाँले पूरा गर्नुहुनेछ। "परमप्रभु इस्राएलका परमेश्वरलाई प्रशंसा होस्, जसले मेरा पिता दाऊदसँग आफ्नै मुखले बोल्नुभएको प्रतिज्ञा आफ्ना हातले पूरा गर्नुभएको छ किनभने उहाँले यसो भन्नुभयो" (२ इतिहास ६:४) ।

"...जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ" (मत्ती २०:२७)। कोही व्यक्ति पहिलो हुने चाहना गर्छ भने उसले सेवकको रूपमा तपाईंको सेवा गर्नुपर्छ र त्यसपछि परमेश्वरले उसलाई आशिष् दिनुहुनेछ र उसलाई ठूलो अगुवा बनाउनुहुनेछ।

सन् १९६९ मा म तामिल पत्रिका भारुगाइयिन थुथानका सम्पादक भाइ एस. देभादासनको अधीनमा काम गरिरहेको थिएँ। जब मैले आफ्नो पदमा नियुक्त भएको थिएँ, मलाई दिइएको सबैभन्दा पहिलो कामचाहिँ कार्यालय र त्यहाँभित्र भएका टेबलहरू सफा गर्नु थियो । बिना कुनै हिचकिचाहट, मैले खुसीसाथ सो काम स्वीकार गरें। मैले कार्यालयको भुईं पनि बढारें। दिनहरू बित्दै गए- महिना बित्यो- वर्ष बित्यो- मैले आफ्नो कामलाई निरन्तरता दिएँ । एक दिन सम्पादकले आफ्नो सम्पूर्ण जिम्मेवारीहरू हस्तान्तरण गर्नुभयो र मलाई आफ्नो कार्यालयको चाबी दिनुभयो र भन्नुभयो, "परमेश्वरको आत्मा तिमीसँग छ, तिमी सबै थोकमा बुद्धिमान भइसकेका छौ।" मेरो पदोन्नति गर्न परमेश्वरले सम्पादकको मनमा बोल्नुभयो । उहाँको अभिषेक र प्रेम मकहाँ आएको थियो र म परमेश्वरको सेवक बनें । हामी सेवाको आत्माले भरिनुपर्छ ।

यी दिनहरूमा धेरै मानिसहरू ठूला प्रचारकहरू र अगुवाहरू बन्न अगाडि आउँछन्। तर तिनीहरू परमेश्वरको असल सेवकको अधीनमा तालिम लिने चाहना गर्दैनन, जसले परिपक्व आत्मिक जीवनमा डोऱ्याउँछन्। आत्मिक जीवनको साँचो अवस्थाहरूलाई वास्तविक रूपमा नजानीकनै धेरै जनाले आफूलाई रेभरेण्ड, डाक्टर, बिसप, पास्टर, वरदान पाएको परमेश्वरको सेवक, अन्तरराष्ट्रिय वक्ता, आदि भनेको चाहन्छन् । त्यस्ता मानिसहरू केही परीक्षा, कठिनाइहरू वा सतावटमा पर्ने वा आफ्नो आत्मिकपना चाँडो गुमाउँछन् । हरेक जना पवित्र र परमेश्वरका आत्मिक सेवक, उसको नैतिक चरित्र, बानीहरू र परमेश्वरको स्वभाव सिक्ने र यी असल गुणहरू पछ्याउने व्यक्तिको अधीनमा काम गर्नु पर्छ भन्ने कुरा अत्यावश्यक हुन्छ।

प्रभुको सेवकाइको मेरो जीवनमा मैले स्वर्गीय पास्टर एस. देभादासन (भिरुगाइयिन थुथान) बाट तल दिइएका तीन असल गुणहरू सिकेको छु ।

*....Contd. to page 6*


**नहेम्याह बाइबल**
**आवासीय कलेज, चेन्नाइ**
माध्यमः हिन्दी
*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*
विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
ईश्वरशास्त्रमा प्रमाणपत्र: एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमा: दुई वर्ष
योग्यताः दश कक्षा र सोभन्दा माथि भर्नाको लागि छिटो गर्नुहोस्।
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

**सेप्टेम्वर १९:** १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति ।

**सेप्टेम्वर २०:** हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजको निम्ति नयाँ विद्यार्थीहरू प्रदान गर्नुभएको निम्ति ।

**सेप्टेम्वर २१:** हाम्रो छापाखानामा १६ वटा भाषामा हाम्रो पत्रिका छाप्न र प्रकाशन गर्न र मिसनको क्षेत्रमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

**सेप्टेम्वर २२:** हाम्रा कर्मचारीहरूका परिवारमाथि खन्याउनुभएको उहाँको आशिष्को निम्ति ।

**सेप्टेम्वर २३:** हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवारहरूका निम्ति ।

**सेप्टेम्वर २४:** हाम्रो बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको वृद्धिको निम्ति ।

**सेप्टेम्वर २५:** हाम्रो सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

**सेप्टेम्वर २६:** हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरू र त्यसमा भएका विश्वासीहरूका निम्ति ।

**सेप्टेम्वर २७:** हाम्रो प्रकाशन सेवकाइको निम्ति नयाँ सहसम्पादक रेभ. डा. के.आर. राजासेकरण दिनुभएको निम्ति ।

**सेप्टेम्वर २८:** हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूका निम्ति ।

**सेप्टेम्वर २९:** बोलावटको प्रतिध्वनि सेवकाइका हाम्रा कर्मचारीहरू र उहाँका परिवारहरूको सुरक्षाको निम्ति ।

**सेप्टेम्वर ३०:** जुलाइ महिनामा भएका हाम्रा आवश्यकता पूरा गर्नुभएको निम्ति ।

**अक्टोवर १:** ईश्वरशास्त्रीय सेमिनारहरू नियमित रूपमा संचालन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

**अक्टोवर २:** बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलावटमा सिनियर पास्टरको समर्पणको निम्ति ।

**अक्टोवर ३:** हाम्रो मण्डलीमा नयाँ विश्वासीहरूका साथमा आशिष् दिनुभएको निम्ति ।

### कृपया प्रार्थना गरौं...

**अक्टोवर: ४:** परमेश्वरप्रति सारा देशहरूका विश्वासीहरूका बीचमा इमानदारीता ।

**अक्टोवर ५:** हाम्रो संस्था, सम्पूर्ण कर्मचारी र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

**अक्टोवर ६:** हाम्रो सिनियर पास्टरको जीवनी लेख्न उहाँमाथि उदार अनुमति र अगुवाइको निम्ति ।

**अक्टोवर ७:** सबै धर्महरू र देशहरूका बीचमा एकताको निम्ति ।

**अक्टोवर ८:** हाम्रो सेन्ट मेट्रिकुलेसन स्कुल (गाउँको हाई स्कुल) मा नयाँ विद्यार्थीहरू भर्ना गर्नको निम्ति ।

**अक्टोवर ९:** हाम्रा साझेदाहरू र प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

**अक्टोवर १०:** हाम्रो सुसमाचारीय छापाखानामा आशिष्को निम्ति ।

**अक्टोवर ११:** संसारभरि भएका मानिसहरूको सुरक्षाको निम्ति ।

**अक्टोवर १२:** यो महिनामा हाम्रा सबै आवश्यकताहरू पूरा गर्नको निम्ति ।

**अक्टोवर १३:** हरेक मद्यपान गर्नेहरू र दुष्ट काम गर्नेहरू पश्चात्तापमा समर्पित हुनको निम्ति ।

**अक्टोवर १४:** संसारमा भएका सबै महिलाहरू र बालबालिकाहरूको सुरक्षाको निम्ति ।

**अक्टोवर १५:** पृथ्वीमा उहाँको राज्य निर्माण गर्न केन्द्रित भएको दर्शन हामीलाई दिनको निम्ति ।

**अक्टोवर १६:** बोलावटको प्रतिध्वनिको युवा र आउटरीच सेवकाइहरूका निम्ति ।

**अक्टोवर १७:** भारतका सुसमाचार नपुगेका स्थानहरूमा पुग्न हामीलाई सक्षम बनाउनको निम्ति ।

**अक्टोवर १८:** हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारको सुरक्षित स्वास्थ्यको निम्ति ।

....Contd. from page 4

## (क) समयनिष्ठता:

प्राथमिकताको सिद्धान्तको आधारमा सही समयमा कुनै पनि काम गरिनुपर्छ । जबजब हामीले आफ्नो जिम्मेवारी पूरा गर्न जान्छौं, हामीले सधैं वर्षा वा हावाहुरी र ट्राफिक जामजस्ता प्रकृतिबाट आउन सक्ने बाधाहरूलाई ध्यानमा राख्नुपर्छ र त्यसैले हामीले केही समय छुट्याउनुपर्छ (न्यूनीकरण समय) र चाँडो सुरु गर्नुपर्छ । हामी आफ्नो काम गर्ने स्थान वा मण्डलीमा कहिल्यै ढिलो पुग्नुहुँदैन। हामी ढिला पुग्यौं भने हामीले निश्चय नै असफलताको सामना गर्छौं ।

## (ख) जिम्मेवारी:

साधारण काम पनि जिम्मेवारीको भावको साथमा पूरा गर्नुपर्छ । "कुनै पनि कुरा सिद्ध रूपमा गर्नुपर्छ।" तामिल भनाइअनुसार जिम्मेवार पदमा भएका मानिसहरूले आफूमाथि निर्भर भएका मानिसहरूको आवश्यकतालाई मनमा राख्नुपर्छ। भनाइचाहिँ यस्तो हो:

१. हामीले जे गरे पनि हामीले आफ्नो सबैभन्दा उत्कृष्ट ज्ञान र बौद्धिकता प्रयोग गर्नुपर्छ।

२. हामीले आफ्नो प्रभावकारीता र ज्ञान र परमेश्वरको भय प्रयोग गर्दै आत्मविश्वासको साथमा हरेक थोक गर्नुपर्छ ।

उदाहरणको निम्ति, केही मानिसहरूको बानीचाहिँ तिनीहरूले गरेका कामलाई जाँच नगर्ने हुन्छ। तिनीहरू आफ्ना कामको बारेमा कमै चिन्ता गर्छन् । यस्ता मानिसहरूले सोच्छन्, "मेरा गल्तीहरू थाहा पाउन सक्ने सिपालु मानिस मभन्दा माथि कोही छन् भने म त्यसलाई पछि सुधार गर्न सक्छु।" योचाहिँ खतरनाक पद्धति हो । हामीले हरेक थोक ठीक तरिकाले गर्ने मनस्थिति हामीले राख्नुपर्छ। कुनै कुरा गलत भएको छ भने हामीले त्यसको बारेमा लाज महसुस गर्नुपर्छ र त्यस्ता कुरा दोहोरिनुहुँदैन भनेर प्रतिज्ञा गर्नुपर्छ ।

## (ग) संलग्नता:

हरेक कामलाई व्यक्तिगत छुवाइको साथमा पूरा गरिनुपर्छ। तपाईंले "यो मेरो काम होइन, यो मेरो व्यक्तिगत सम्पत्ति होइन, यो प्रयासको नाफा वा घाटाको बारेमा म चासो राख्दिनँ" भनेर सोच्नुहुन्छ भने तपाईं निश्चय नै असफल हुनुहुनेछ।

तपाईंले संस्थामा कुचीचार वा सबैभँदा उच्च पद पाउनुभएको हुन सक्छ । कामको निम्ति कामहरू पूरा गर्नँको साटो तपाईंले आफ्नो काममा रूचि देखाउनुपर्छ र तपाईंले त्यसमा आफ्नो पूरा हृदय र प्राण दिएर साँचो रूपमा संलग्न हुनुपर्छ । त्यसपछि तपाईं आफ्नो जीवनमा उच्चमा उचालिनुहुनेछ।

एल्डरहरूबाट सधैं सिक्न तयार हुनु अत्यन्तै राम्रो कुरा हो ।

## ३. यहोशू, अधिकारबाट घेरिएको

अमालेकीहरू आए र रिपीदिममा इस्राएलसँग लडाइँ लडे (प्रस्थान १७:८)। मोशाले यहोशूलाई केही मानिसर लिएर अमालेकीसँग लडाइँ गर्न भने । यहोशू तुरुन्तै रणभूमिमा प्रवेश गरे र मोशाको आज्ञा पालन गरे । धेरै मानिसहरूले आफ्ना अग्रजहरू वा परमेश्वरको पनि आज्ञा पालन गर्दैनन्। आफ्ना अग्रजहरू र परमेश्वरप्रति आज्ञाकारी भएका मानिसहरू मात्रै असल अगुवाहरू बन्न सक्छन् र अधिकारको अभ्यास गर्छन्। यहोशूले अधिकारलाई सम्मान गरे। जब मोशाले तिनलाई लडाइँमा जान आज्ञा दिए, तिनी तुरुन्तै रणभूमिमा गए । तिनले आफू सैनिक हुन कुनै तालिम लिएको छैन भनेर जवाफ दिएनन् र तिनलाई दिइएको कामबाट उम्कने प्रयास गरेनन् । तिनले तुरुन्तै आज्ञा पालन गरे ।

## ४. यहोशूले पवित्र बासस्थानमा सेवा गरे

यहोशू असल अगुवा थिए । परमप्रभुले प्रेम गर्नुभएको मानिस। यहोशूले पवित्र बासस्थान ( परमेश्वरको मन्दिर) लाई प्रेम गरे। तिनी पवित्र बासस्थानभित्र बस्थे । "... मोशाको जवान सहायक, नूनका छोरा यहोशू, त्यस पालबाट निस्कँदैनथे" (प्रस्थान ३३:११) । मण्डलीलाई प्रेम गर्ने र मण्डलीका विभिन्न सेवकाइहरूलाई प्रेम गर्ने मानिसहरूलाई परमेश्वरले उचाल्नुहुन्छ । आफ्ना मानिसहरूलाई मण्डलीमा सहभागी हुन अगुवाले कडा रूपले भन्नुपर्छ । परमेश्वरले


नहेम्याह बाइबल साँझको कलेज

चेपाउक र सन्थोसापुरम, चेन्नाइ

माध्यमः तामिल

ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार

विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

ईश्वरशास्त्रमा प्रमाणपत्र: एक वर्ष

ईश्वरशास्त्रमा डिप्लोमा: दुई वर्ष

योग्यताः दश कक्षा र सोभन्दा माथि

भर्नाको लागि छिट्टै गर्नुहोस्।

Contact : The Chairman, Nehemiah Bible College.

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

## हाम्रो मुख्य कार्यालयमा भएका हाम्रा सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभा: : चौबीसै घण्टा
२. **बाइबलकोर** - बाइबल करेस्पोस्डेन्स् कोर्सेस: अङ्ग्रेजी, हिन्दी र तमिल
३. **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका: अङ्ग्रेजी, तामिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्द्ध, सिन्हाला र अफ्रिकी भाषामा।
४. नहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू) (साँझ / आवासीय)
५. ईश्वरशास्त्र पत्राचार कोर्स: तामिल र अङ्ग्रेजी
६. महान् आज्ञाका साझेदारहरू (पास्टरहरूको सञ्जाल)
७. तालिम कार्यक्रम
८. क्रुसेडहरू
९. साहित्य वितरण र अनुगमन
१०. सुसमाचार छापाखाना- प्रकाशन
११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय- भिलेज अंग्रेजी हाई स्कुल

| | |
|---|---|
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे र दिउँसो ४:०० बजे |
| १३. **तमिल सेवा:** | **बिहान ८:०० बजे र १०:०० बजे आइतवार** |
| १४. **हिन्दी सेवा:** | **आइतवार साँझ ४:०० बजे** |
| १५. **तेलगू सेवा:** | **आइतवार साँझ ५:०० बजे** |
| १६. **अङ्ग्रेजी र तमिल सेवा:** | **आइतवार साँझ ६:०० बजे** |
| १७. पास्टरीय परामर्श: | आइतवार बेलुका ७: ३० बजे |
| १८. स्त्रीहरूको प्रार्थना: | बुधवार बेलुका ५:३० बजे |
| १९. मध्य-साता बाइबल अध्ययन: | बुधवार साँझ ६:३० बजे |
| २०. पुरुषको प्रार्थना: | शुक्रवार साँझ ७:०० बजे |
| २१. चेलापन बैठक: | शनिवार साँझ ६:०० बजे |
| २२. घरेलु संगति: | साँझ ६:३० मंगलवार र बिहीवार |
| २३. विशेष पवित्र प्रभुभोज: | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २४. सेवकाइ पुनरावलोकन बैठक: | पहिलो शनिवार साँझ ५:३० बजे |
| २५. अभिभावकको प्रार्थना: | पहिलो आइतवार साँझ ४:०० बजे |
| २६. रात्री प्रार्थना: | दोस्रो शुक्रवार राती ९:३० बजे |
| २७. उपवास प्रार्थना: | तेस्रो शनिवार बिहान ९:३० बजे |
| २८. प्रभुभोज सेवा: | दोस्रो आइतवार सेवा |
| २९. बिहानको आराधना: | प्रत्येक बिहान ५:०० बजे |
| ३०. कर्मचारी आराधना सेवा: | प्रत्येक बिहान ९:०० बजे |
| ३१. कार्यालय समय: | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाट्सएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## मेरो युवावस्थाको अर्को पक्ष The other side of my youth!

मेरो युवावस्थामा मेरो हृदय परमेश्वरसँग उहाँको राज्यका बारेमा भएका कुराहरूका निम्ति अत्यन्तै घनिष्ट भएको थियो। परमेश्वरको भय मेरो जीवनको श्वास भएको थियो र परमप्रभुमा भएको पवित्रता मेरो जीवनको हब बनेको थियो। मेरो हृदयमा उहाँको उद्देश्य र मेरो निम्ति उहाँको वास्तालाई नगुमाई परमेश्वरले मलाई निर्देशित गर्नुभयो। परमेश्वरका कुराहरूमा मेरो मन अत्यन्तै दरिलो र सांसारिक थोकहरूमा धार नभएको थियो । मेरो प्रार्थनाको जीवन जोशिलो थियो । यी सबैभन्दा माथि मैले आफ्नो जीवनको हरेक मिनटलाई ठूलो आशिष् र आदरको रूपमा विचार गरें ।

परमेश्वरको निम्ति ठोस केही कुरा पूरा गर्ने मेरो भित्री उत्कट चाहनाले मभित्र नयाँ प्राणी निर्माण गर्दै मेरो स्व-महत्वकांक्षालाई नष्ट गरिरहेको थियो भनेर मैले स्पष्ट रूपमा बुझें। मसँग केन्द्रित र आत्माबाट नियन्त्रित निर्देशन थियो, जुन संसारले बुझ्न सक्दैनथ्यो। ख्रीष्टको सुसमाचार लैजाने मेरो चाहना मभित्र निरन्तर जलिरहेको थियो। त्यसैले, उस्तै मन भएका मेरो नेल्लाराइकोनाम गाउँ सीएसआइ चर्चका साथीहरू, भाइ एस. अब्राहाम, जे. एल्बर्ट देभादास, पी. सामराज, वाइ. थान्गामानी, एस. पौलस, जे. जर्ज रोबिन्सन, एस. बेन्सन जेशुदास, बहिनी डि. बेबी सुशिला र जे. कनागाम्मल मसँगै जोडिनुभयो । परमेश्वरको अनुग्रहद्वारा सन् १९६९ अगस्त १० मा **"सुसमाचार प्रार्थना व्याण्ड"** को जन्म भएको थियो । हामीले मण्डलीहरूमा प्रार्थना सभाहरू र सुसमाचारीय भेलाहरू आयोजना गरेका थियौं। ती प्रयासको परिणामस्वरूप, धेरै मानिसहरू बचाइए र धेरैले सेवकाइमा प्रवेश गरे । त्यो समयमा भाइ जी. जेयानन्दा पावलमोनी, ए. सेल्भाराज, विश्ले देभादासान, जोन रोस कमालाम र जे. जेयाचन्द्रन सेवकाइमा मलाई साथ दिन अगाडि आउनुभयो। म हार्मोनियम बजाउँथे, विश्ले देभादासनले गितार बजाउनुहुन्थ्यो, डेभिड रेजिनाल्ड र जोन रोस कमालाम भायोलिन बजाउनुहुन्थ्यो र पी. सामराजदे बोन्गोज बजाउनुहुन्थ्यो। सांगितिक वाद्यवादनको साथमा हाम्रो सुसमाचारीय समूहले हाम्रो सभाहरूमा मानिसहरूलाई तान्थ्यो । मीठो लयको साथमा हामीले निःशुल्क मानिसहरूलाई सुसमाचार प्रचार गर्‍यौं ।



*Bro. Wesley Devadasan (Herald of His Coming)*



*Rev. John Rosh Kamalam (Presbyter, Church of South India)*



*Rev. J. Jeyachandran (Presbyter, Assembly of God)*



*Bro. David Reginald (Lay Preacher)*

गाउँको मण्डलीबाहेक हामीले थुक्काले, नेयूर, उदयारभिलाइ, कोलाचल, करुन्गल, कुजिथुराइ, मार्थान्दाम, कक्कादामालाइकुन्डुरु, नागरकोल, मुभाट्रुमुगाम, पल्लीयाडी, पेचीपाराइ, कोधायार, कन्याकुमारी, मुट्टाम र अन्य धेरै स्थानहरूमा सुसमाचार भेलाहरू आयोजना गरेका थियौं ।



धेरै युवाहरू, वयस्कहरू र बालबालिकाहरूले आफ्नो जीवन ख्रीष्टलाई दिए । विशेष गरी युवाहरूले परमेश्वरको अघि आफ्ना पापमय मार्गहरूबाट

पश्चात्ताप गरे र परमेश्वरलाई मन पर्ने जीवन जिउन समर्पित भए। धेरै बिरामी मानिसहरू निको भए र दुष्टात्माले सताइएकाहरूले छुटकारा पाए। यो कुराले मलाई नयाँ उत्साह दिएको थियो, मैले १५ देखि २० माइल टाढा नाङ्गो गोडाले हिँडेर सुसमाचारका पर्चा वितरण गर्न सुरु गरें। म बौलाएको छु भनेर अरूले विचार गरे। तर मेरा अभिभावकहरूले मलाई परमेश्वरको बालकको रूपमा बुझ्नुभएको थियो।

त्यहाँ उपयुक्त अवस्था र मेरो सेवकाइको सुरुवातमा परमेश्वरको कामको निम्ति अरूबाट उत्साह नभए पनि म सेवकाइमा सक्रिय हुन अत्यन्तै उत्साहित थिएँ। त्यस्तो अवस्थाबाट गुज्रिदै परमश्वरले छापिएको कागजबाट मेरो सेवकाइमा अर्को स्तरमा मलाई निर्देशित गर्नुभयो।

************

*पृष्ठ ६ बाट*

मण्डलीको भेलालाई प्रेम गर्नुहुन्छ। मण्डलीलाई छनोट गर्नुहोस् र त्यसमा भएका सबै क्रियाकलापहरूमा भाग लिनुहोस्। त्यसपछि तपाईंले नमागिकनै परमेश्वरको आशिष् प्राप्त गर्नुहुनेछ।

आजको संसारमा मानिसहरूसँग मण्डलीमा भेला हुने र आराधना गर्ने चाहना छैन। कहिलेकाहीँ प्रख्यात परमेश्वरका सेवकहरूले पनि मानिसहरूलाई मण्डलीमा जान उत्साह दिँदैनन्। परमप्रभुले हामीलाई मण्डलीमा भेला हुन र उहाँको आराधना गर्न आज्ञा दिनुभएको कुरामा हामी जानकार छौं। तर प्रख्यात सुसमाचार प्रचारकहरूले आफ्नो र आफ्नो सेवकाइको निम्ति धेरै सहयोगीहरू प्राप्त गर्ने विचारको साथमा आफ्नो प्रवचन टिभी च्यानलहरूमा आइतवार आफ्ना कार्यक्रमहरू प्रसारण गर्छन्। यी सुसमाचार प्रचारकहरू मण्डली र मानिसहरूका बीचमा पुलको रूपमा हुनुपर्नेमा तिनीहरूलाई अलग्याउँछन् र मानिसहरूबा बीचमा विभाजन ल्याउँछन्। निश्चय नै यस्ता कार्यक्रमहरू वृद्धहरू वा मण्डली जान नसक्ने रोगीहरूका निम्ति उपयोगी हुन्छन्। तिनीहरू घरमा बस्न सक्छन् र हेर्न सक्छन्, जबकि अरूचाहिँ मण्डलीमा जानुपर्छ। तर प्रचारकहरूले सक्षम भएका सबै व्यक्तिहरूलाई असफल नभई मण्डलीमा भेला हुन भन्नुपर्छ।

## ५. यहोशू- निर्णयहरू लिन स्थिर

महत्वपूर्ण समयहरूमा यहोशूले निर्णयक निर्णयहरू लिएका थिए। असल निर्णयहरू लिने मानिसहरूलाई परमेश्वरले उचाल्नुहुन्छ। निर्णहरू लिन हामी स्थिर हुनुपर्छ र त्यसैमा रहिरहनुपर्छ। परमेश्वरले त्यस्ता मानिसहरूलाई उचाल्नुहुन्छ। यहोशूले इस्राएलका मानिसहरूलाई परमप्रभुको मात्रै आराधना गर्न भने र उदाहरणको रूपमा आफैले त्यसलाई देखाए, "...तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं" (यहोशू २४:१५)। परमेश्वरले मानसिक रूपमा बलिया भएका र निडरतापूर्वक निर्णय लिन सक्ने र



उहाँसँगै खडा हुने मानिसहरूको खोजी गरिरहनुभएको छ।

यसका साथै परमेश्वरको प्रकाश प्राप्त गरेका मानिसहरूले बिना लाज मान्दै वा परिणामको बारेमा नसोची अरूलाई चुनौती दिनुपर्छ र परमप्रभुको सेवा गर्ने मार्ग मानिसहरूलाई देखाउनुपर्छ। यी दिनहरूमा सेवकाइहरू बिना दर्शन, बिना बोलावट, बिना विश्वास र बिना सही सिद्धान्त रहेका छन्। त्यसकारण, नबचाइएका विश्वासीहरूको संख्या पनि वृद्धि भइरहेको छ।

हामीले परमेश्वरमा मात्रै भर परेर आफ्नो जीवन जिउनुपर्छ। हामी आफ्नो विश्वासमा स्पष्ट र सत्य हुनुपर्छ। जब धेरै मानिसहरू हाम्रा सेवकाइमा सहभागी हुन आउँछन्, हामीले आर्थिक लाभको बारेमा मात्रै सोच्नुहुँदैन तर त्यसको साटो हामीले तिनीहरूलाई आफ्नो पापको निम्ति पश्चात्ताप गर्ने र ख्रिष्टले सिकाउनुभएझैं पवित्र जीवन जिउने बनाउनुपर्छ किनभने हरेक दिन संसार अझ खराब हुँदै गइरहेको छ। यस्ता खतरनाक दुष्टहरूबाट मानिसहरूलाई स्वतन्त्र बनाउन यहोशूले झैं स्थिर निर्णय लिनुहोस्। तपाईंको जीवन पूर्णरूपमा रूपान्तरण हुनेछ। परमेश्वरले तपाईंलाई आशिष् देऊन्!

************

### भजनसंग्रह १०३:१–५

१. हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्, ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर्।

२. हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् र उहाँका सबै उपकारहरू नबिर्सी

३. जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ र तेरा सबै रोगहरू निको पार्नुहुन्छ,

४. जसले तेरो जीवनलाई मृत–लोकबाट मुक्त गर्नुहुन्छ र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ,

५. जसले, तेरा इच्छाहरू उत्तम कुराले तृप्त गर्नुहुन्छ ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस्।

### आकस्मिक सूचना तपाईंको मोवाइलका सन्देशहरु

हामीले मोवाइलमा हरेक दिन हाम्रा मित्रहरुबाट प्रशस्तै तस्वीरहरु र बाइबलका पदहरु प्राप्त गरिरहेका छौं। वास्तवमा, हामीले तीमध्ये सबैलाई हेर्न सकेका छैनौं। हाम्रो मोवाइलबाट ती ढिलिट गर्नुबाहेक अरु कुनै हाम्रो निम्ति मार्ग छैन। त्यसैले,हामी प्रेमिलो र विनम्रपूर्वक आग्रह गर्दछौं कि हाम्रो मोवाइलमा बाइबल पदहरु, सामान्य सन्देशहरु र तस्वीरहरु नपठाउनुहोस्। तर तपाईंका प्रार्थनाका आग्रहहरु र विशेष सन्देशलाई सधैं स्वागत गर्दछौं। तपाईंले बुझ्नुभएको निम्ति तपाईंलाई हामी धन्यवाद दिन्छौं।

**पास्टर एस. साम सेल्भाराज**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

**WANTED**
**OFFICE STAFF**

**Echo of His Call** requires experienced and dedicated typists and computer operators.

Contact : ECHO OF HIS CALL
Cell : 98412 71858
E.mail : sam@echoofhiscall.org

## OUR BANK DETAILS:

*1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |
| SWIFT CODE | : | **SBI NIN BB 455** |

*2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

*3. Bank : State Bank of India*
**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th SEPTEMBER 2022**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**